# एनआरएनएका माग पूरा गर्ने अर्थमन्त्रीको प्रतिबद्धता



**हिमालय टाइम्स**
काठमाडौं, ३ माघ

गैरआवासीय नेपाली संघ (एनआरएनए) का अध्यक्षत्रयसहितको प्रतिनिधिमण्डलले उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलसँग भेट गर्दै संघले उठाउँदै आएका माग सम्बोधनका लागि आग्रह गरेको छ । मंगलबार अर्थ मन्त्रालयमा भेटका अवसरमा एनआरएनएकी कार्यकारी अध्यक्ष रविना थापाले संघले गर्दै आएका लोककल्याणकारी तथा परोपकारी कार्य, नेपालमा गैरआवासीय नेपालीको लगानीलगायतका विषयमा अर्थमन्त्रीलाई जानकारी गराउँदै विदेशमा रहेका लाखौं नेपाली नेपालमा लगानीका लागि उत्साहित भए पनि विभिन्न कानुनी र नीतिगत कठिनाइका कारण समस्या परेको भन्दै समस्या समाधानका लागि ध्यानाकर्षण गराउनुभयो ।

एनआरएनए अध्यक्ष डा. बद्री केसीले गैरआवासीय नेपालीको लगानी अभिवृद्धि गर्न नेपाली नागरिकसरह लगानीको व्यवस्था गर्नुपर्नेमा जोड दिँदै सरकारसहितको लगानी भएको करिब १० अर्ब बराबरको एनआरएन नेपाल डेभलपमेण्ट फण्ड कम्पनी कार्यान्वयनमा देखापरेका कानुनी बाधा अवरोध हटाउन आग्रह गर्नुभयो । उहाँले गैरआवासीय नेपाली ऐनलगायत गैरआवासीय नेपालीसँग प्रत्यक्ष सरोकार राख्ने विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन र सोसम्बन्धी नियमावली तथा आदेशमा संशोधन गर्न र लगानी सम्बन्धमा विद्यमान न्यूनतम दुई करोडको मापदण्ड हटाउन पनि माग गर्नुभयो ।

> 'सबै मन्त्रालयका प्रतिनिधिसहित तपाईंहरूका प्रतिनिधि पनि एकै ठाउँमा राखेर छलफल गरौं र समस्या समाधानका लागि पहल गरौं, त्यसका लागि म आफैं समन्वय र सहकार्य गर्न तयार छु। नागरिकताको विषय पनि छिट्टै टुंगिनेछ, त्यसमा चिन्ता मान्नुपर्दैन ।'

अर्का अध्यक्ष कुल आचार्यले गैरआवासीय नेपाली नागरिकताको विषय छिटो टुंगो लगाउन आग्रह गर्नुभयो । उहाँले डलर खाता सञ्चालनमा देखापरेका प्राविधिक समस्या समाधान गर्न, बहुसंख्यक नेपालीलाई नेपालसँग जोड्न र मुलुकलाई आर्थिकरूपमा समृद्ध बनाउन पुँजीसहित उनीहरूको ज्ञान, सीप र क्षमता भित्र्याउन सरकारले जोड दिनुपर्ने बताउनुभयो ।

सो अवसरमा अर्थमन्त्री पौडेलले एनआरएनए प्रतिनिधिसहितको एउटा छुट्टै संयन्त्र बनाएर छिटो समस्या समाधानका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, 'तपाईंहरूका माग वा समस्या जे-जति पनि छन्, ती सबै सम्बोधन गर्न सरकार प्रतिबद्ध छ तर त्यसका लागि एउटै टेबलमा बसेर संवाद हुनु जरुरी छ, सबै मन्त्रालयका प्रतिनिधिसहित तपाईंहरूका प्रतिनिधि पनि एकै ठाउँमा राखेर छलफल गरौं र समस्या समाधानका लागि पहल गरौं, त्यसका लागि म आफैं समन्वय र सहकार्य गर्न तयार छु । नागरिकताको विषय छिट्टै टुंगिनेछ, त्यसमा चिन्ता मान्नुपर्दैन ।'

गैरआवासीय नेपालीले नेपालमा गरिरहेको लगानीप्रति सरकार जानकार रहेको भन्दै आगामी दिनमा पनि लगानीका लागि मार्ग प्रशस्त गर्न आफू प्रतिबद्ध रहेको अर्थमन्त्री पौडेलले बताउनुभयो । उहाँले भन्नुभयो, 'सरकार आफैं रहेको 'एनआरएन नेपाल डेभलपमेन्ट फण्ड' अघि बढिसकेको छ, त्यसलाई सरकारले गरेको ग्यारेन्टीका रूपमा लिन सकिन्छ, जसले विदेशमा रहेका नेपालीलाई पनि लगानीका लागि प्रोत्साहन गर्नेमा सरकार विश्वस्त छ ।'

भेटका अवसरमा संघका संस्थापक अन्तर्राष्ट्रिय संयोजक भीम उदास, संघका उपाध्यक्ष आरके शर्मा, महिला सचिव राधिका गुरुङ, प्रवक्ता सोम सापकोटा, युवा संयोजक अब्दुल वसिद, क्षेत्रीय उपसंयोजक, (मध्यपूर्व) अमित चाम्लिङ राई, एनसिसी रसियाका अध्यक्ष शिवमणि भुर्तेल, एनसिसी टर्कीका अध्यक्ष उज्जलकुमार घिसिङ, सञ्चारकर्मीलगायतको उपस्थिति रहेको एनआरएनएले जनाएको छ ।

# कोकद्वारा हजार महिलालाई 'सक्षम' तालिम

**काठमाडौं ।** कोका-कोलाले आफ्नो सक्षम तालिम कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेको छ । खुद्रा व्यवसाय तथा साना रेस्टुरेन्ट सञ्चालन गर्ने महिला व्यवसायीको सीप विकास गर्न तथा सशक्तीकरण गर्ने उद्देश्यका साथ सञ्चालित कार्यक्रममार्फत् एक हजारभन्दा बढी महिलालाई तालिम प्रदान गरिएको कम्पनीले जनाएको छ । गत ८ मार्च २०२२ मा अन्तर्राष्ट्रिय नारी दिवसको अवसर पारेर कम्पनीले आफ्नो बोटलिङ पार्टनर बोट्लर्स नेपालसँगको सहकार्यमा सक्षम कार्यक्रमको सुरुवात गरेको थियो । खुद्रा व्यवसाय र साना रेस्टुरेन्ट सञ्चालन गर्ने महिलालाई वित्तीय साक्षरता, हस्पिटालिटी, स्यानिटेसन म्यानेजमेन्ट र डिजिटल वालेट प्रयोगसम्बन्धी तालिम दिइएको हो । प्रदेश १, २, ३ र ४ का मुख्य शहरमा एक-एक दिन गरी तालिम कार्यक्रम सञ्चालन गरिएको आयोजकले जनाएको छ ।

तालिममा सहभागी सौराहाकी गीता श्रेष्ठले भन्नुभयो, 'महिला युवा व्यवसायीका लागि सक्षम तालिम कार्यक्रम अत्यन्तै उत्साहजनक रहेको थियो । मैले आजभन्दा ४४ वर्षअघि जम्मा एक सय ६० रुपैयाँबाट व्यापार सुरु गरेकी थिएँ । मेरो कडा परिश्रमले मैले आफ्नो सपना पूरा गर्न सक्षम भएकी छु । अहिले मेरा दुईवटा घर र एउटा पसल छ र एकल महिलाका रूपमा आफ्नो परिवारलाई सहयोग गर्न सकेकी छु ।'

त्यस्तै, नारायणगढकी माया पाण्डेले भन्नुभयो, 'सक्षम कार्यक्रमले हामीलाई आर्थिकरूपमा सशक्त हुन आवश्यक सीप सिकाउनुका साथै हाम्रो सञ्जाल विस्तार गर्ने अवसर पनि दिएको छ । सक्षम जस्तो सीप विकास कार्यक्रमले हामीलाई अझै राम्रोसँग व्यवसाय सञ्चालन गर्न हौसला दिएको छ ।' कोका-कोला नेपालका कन्ट्री डिरेक्टर आदर्श अवस्थीले भन्नुभयो, 'महिला सशक्तीकरण जहिले पनि हाम्रो मूल मान्यताका रूपमा रहेको छ । हामीले सक्षम तालिम कार्यक्रम २०२२ मा सुरु गरेका थियौं, जसमा हामीले अनुभवी र दक्ष प्रशिक्षकसँग मिलेर महिला व्यवसायीलाई व्यावसायिक तालिम, मेन्टरिङ नेटवर्क, आर्थिक सेवा तथा अन्य विभिन्न तालिम दिएका थियौं, जसले गर्दा उहाँहरूलाई जीवनस्तर उकास्न, परिवारलाई सहयोग गर्न र समुदायमा पनि सकारात्मक परिवर्तन ल्याउन सक्षम बनाएको छ । एक हजार महिला व्यवसायीलाई तालिम दिने लक्ष्य पूरा भएको छ । भविष्यमा पनि अझै धेरै महिलालाई सशक्तीकरण गर्दै जानेछौं ।'

बोटलर्स नेपालका पब्लिक अफेयर, कम्युनिकेसन र सस्टेनिबिलिटी डिरेक्टर स्नेह राजभण्डारीले भन्नुभयो, 'नेपालमा महिला उद्यमशीलता एक कदम अघि बढेको छ । काठमाडौं उपत्यकाबाहिर विशेष गरी धेरै खुद्रा पसल र रेस्टुरेन्ट छन्, जुन महिलाले चलाउँछन् । त्यस्ता महिलालाई आइपर्न सक्ने चुनौती सामना गर्न सक्षम बनाउने उद्देश्यले कोका-कोलाले सक्षम जस्ता तालिम कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ ।'

सन् २०१० मा कोका-कोलाले विश्वव्यापीरूपमा फाइभ बाई ट्वेन्टी सञ्चालन गरेको थियो, जसअन्तर्गत सन् २०२० सम्म ५० लाख महिलालाई आर्थिकरूपमा सक्षम बनाउने लक्ष्य थियो । त्यस्तै, नेपालमा पनि विगत छ वर्षदेखि स्टार शप किपर ट्रेनिङ रिसोर्सेस सञ्चालन गर्दै आइरहेको छ, जसअन्तर्गत पाँच हजार आठ सय खुद्रा व्यवसायी महिलालाई तालिम दिइसकेको कम्पनीले जनाएको छ ।

# मन्त्रिमण्डल विस्तारकै दिन सेयर बजारमा सुधार

**हिमालय टाइम्स**
काठमाडौं, ३ माघ

मन्त्रिमण्डल विस्तारसँगै सेयर बजारमा फेरि सुधार आएको छ । मंगलबार सेयर बजार ३२ अंकले बढेको छ । पछिल्ला दुई कारोबार दिनमा नेप्से ६२ अंकभन्दा बढीले घटेकोमा मंगलबार भने दोहोरो अंकले बढेको हो । तर, नेप्से बढे पनि कारोबार रकम भने अघिल्लो दिनको तुलनामा घटेको छ । यस दिन नेप्से ३२.७२ अंकले बढेर २१८२.११ अंकमा पुगेको छ भने दुई सय ५० कम्पनीका एक करोड १८ लाख ८३ हजार दुई सय ८७ कित्ता सेयर तीन अर्ब ७२ करोड ४७ लाख ९४ हजार पाँच सय ८७ रुपैयाँमा कारोबार भएको छ ।

बैंकिङ समूहको सूचक ४.४५ अंकले घटे पनि बाँकी सबै समूहको सूचक बढेका छन् । विकास बैंक १०१.३६, वित्त कम्पनी ६३.९०, होटल तथा पर्यटन १६३.८२, जलविद्युत् १२७.३९, जीवन बीमा १५२.६०, लघुवित्त ५६.४०, निर्जीवन बीमा ११६.०८ अंकले बढेको हो । ग्रिन भेन्चर, आदर्श लघुवित्त वित्तीय संस्था, पिपुल्स हाइड्रोपावर, घलेम्दी हाइड्रो पावर कम्पनीको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । कारोबार रकमका आधारमा अग्रस्थानमा रहेको अपी पावर कम्पनीको २३ करोड २६ लाख आठ हजार तीन सय ८८ रुपैयाँको सेयर कारोबार भएको छ भने दोस्रो र तेस्रो स्थानमा अपर तामाकोशी र डादी पावर कम्पनी रहेका छन् ।

तीन दलाल कम्पनीलाई कारबाही

धितोपत्र दलाल व्यवसायी सनी सेक्युरिटिज कम्पनी, इम्पेरियल सेक्युरिटिज कम्पनी प्रालि र त्रिशुल सेक्युरिटिज एण्ड इन्भेष्टमेन्ट कारबाहीमा परेका छन् । नेपाल धितोपत्र बोर्डले तोकिएको समयमा विवरण पेश नगर्ने तीन धितोपत्र दलाल व्यवसायीलाई कारबाही गरेको हो । धितोपत्रसम्बन्धी ऐन, २०६३ तथा धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावलीबमोजिम जरिवाना गरिएको बोर्डले जनाएको छ । बोर्डका सहायक प्रवक्ता तेजप्रसाद देवकोटाले इम्पेरियल सेक्युरिटिज र त्रिशुल सेक्युरिटिज एण्ड इन्भेष्टमेन्टलाई ७५ हजार रुपैयाँ तथा सनी सेक्युरिटिजलाई १० हजार रुपैयाँ जरिवाना गरिएको जानकारी दिनुभयो ।

# आइएमई पेद्वारा क्यासब्याकलाई निरन्तरता

**काठमाडौं ।** आइएमई पेले मोबाइल रिचार्जमा पाँच प्रतिशतसम्म क्यासब्याक अफर पुन: सुचारु गरेको छ । उक्त अफर ग्राहकवर्गको उच्च मागमा कम्पनीले पुन: सुचारु गरिएको जनाएको छ । अफरमार्फत् प्रयोगकर्ताले आइएमई पे एप दर्ता गरेको मोबाइल नम्बरमा मोबाइल ब्यालेन्स रिचार्ज गर्दा पाँच प्रतिशत क्यासब्याक र अन्य कुनै मोबाइल नम्बरमा मोबाइल ब्यालेन्स रिचार्ज गर्दा दुई प्रतिशत क्यासब्याक पाउने बताइएको छ । हालसम्म ४० लाखभन्दा बढी प्रयोगकर्तालाई विद्युतीय भुक्तानी सेवा प्रदान गर्दै आएको आइएमई पेले सो अफर सम्पूर्ण ग्राहकका लागि ल्याएको जनाएको छ । कम्पनीले अफरको नियम तथा शर्तस्वरूप हरेक प्रयोगकर्ताले एक महिना अन्तरालमा आफ्नो मोबाइल नम्बरमा ब्यालेन्स रिचार्ज गर्दा अधिकतम् सय रुपैयाँ क्यासब्याक र अन्य मोबाइल नम्बरमा ब्यालेन्स रिचार्ज गर्दा अधिकतम् सय रुपैयाँ क्यासब्याक प्राप्त गर्न सकिने बताइएको छ ।

# एकहप्ते नि:शुल्क बाथरोग शिविर सुरु

**काठमाडौं ।** ज्येष्ठ प्राध्यापक समाजले बद्री-तीर्थ आरथ्राइटिस समाज तथा नेशनल बाथरोग सेन्टरसँगको सहकार्यमा राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष तथा नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान(नाप्ट)का पूर्वउपकुलपति प्राडा रत्नशमशेर जबरालाई सम्मान गरेको छ । सोमबार काठमाडौंमा एक कार्यक्रमबीच प्राडा जबरालाई 'तीर्थानन्द वैद्य लाइफटाइम एचिभमेन्ट अवार्ड' प्रदान गरेको हो । सम्मानसाथ २५ हजार नगद राशि पनि प्रदान गरिएको छ ।

सो अवसरमा बाथरोग जागरण अभियानको उद्घाटन तथा प्राडा जबराको सम्मान गर्दै काठमाडौं महानगरपालिका-९ का अध्यक्ष रामजी भण्डारीले वडाबाट स्वास्थ्य क्षेत्रमा सकेसम्मको सहयोग गर्ने बताउनुभयो । समाजका अध्यक्ष डा. विमलकुमार शर्माले प्राडा राणाको क्रियाशीलताको चर्चा गर्नुभयो ।

सम्मानित व्यक्तित्व प्राडा जबराले सम्मानले आफूमा ऊर्जा थपिएको बताउनुभयो । उहाँले सम्मान नगद राशि समाजको अक्षयकोषमा जम्मा हुने गरी समाजका अध्यक्षलाई हस्तान्तरण गर्नुभएको छ । सोही अवसरमा बद्रीतीर्थ आरथ्राइटिस समाज र नेशनल बाथरोग सेन्टरको संयुक्त आयोजनामा बाथरोग जागरण अभियान सुरु गरिएको छ । एक हप्तासम्म रातोपुलस्थित सेन्टरमा बाथरोगसम्बन्धी नि:शुल्क शिविर सञ्चालन हुने आयोजकले जनाएको छ । उद्घाटन कार्यक्रममा नशारोग विशेषज्ञ डा. दीपेश शाक्यले बाथरोग जटिल किसिमको रोग भएको र नशासँग पनि जोडिने भएकाले हेलचेक्र्याइँ नगर्न सचेत गराउनुभयो । नेशनल बाथरोग सेन्टरका अध्यक्ष डा. विनित वैद्यले पनि हरेक क्षेत्रका व्यक्तिले बाथरोगप्रति सचेत हुनुपर्ने बताउनुभयो ।

# माइपेको पाँच प्रतिशत क्यासब्याक अफर

**काठमाडौं ।** स्थापनाको पहिलो वर्षमै माइपे डिजिटल वालेटले प्लेस्टोरमा पाँच लाखभन्दा बढी डाउनलोड पुऱ्याउन सफल भएको छ । सोही अवसरमा कम्पनीले दुई दिन अर्थात् बुधबार ४ बजेदेखि राती १२ बजेसम्म पाँच प्रतिशत बढीमा एक सय रुपैयाँसम्म क्यासब्याक प्रदान गर्ने भएको छ । माइपेमा प्लेस्टोर, एप स्टोर र वेब साइटसमेत हालसम्म आठ लाखभन्दा बढी ग्राहक संख्या पुगिसकेको कम्पनीका प्रमुख कार्यकारी अधिकृत मनोजकुमार मेहताले बताउनुभयो । उहाँले भन्नुभयो, 'युवा ग्राहकको पहिलो रोजाइको वालेट भएकाले नै यो सफलता हात पारेका हौं ।' डिजिटल कारोबारको परिभाषा नै परिवर्तन गर्ने लक्ष्यका साथ सेवा सञ्चालनमा ल्याएको कम्पनीले हवाई टिकट बुकिङ, मोबाइल टपअपसँगै विभिन्न घरायसी बिल भुक्तानी गर्न सकिने सुविधा प्रदान गर्दै आएको छ भने हरेक कारोबारमा आकर्षक क्यासब्याक तथा अन्य सुविधा रहेका छन् । साथै कुनै पनि कारोबार गर्दा माइपे क्वाइन प्राप्त गर्न सकिन्छ, जसको मूल्य एक क्वाइन बराबर एक रुपैयाँ हुन्छ । उक्त क्वाइन हरेक कारोबारमा प्रयोग गर्न सकिनुका साथै कुनै पनि बैंक खातामा एक रुपैयाँमा रकम पठाउन सकिने सुविधा पनि रहेको छ ।

# माघ ७ गते एनडिएले स्थापना दिवस मनाउने

**हिमालय टाइम्स**
काठमाडौं, ३ माघ

दुग्ध क्षेत्रको उन्नति हामी सबैको समुन्नति भन्ने नाराका साथ नेपाल डेरी एसोसिएसन(एनडिए)ले माघ ७ गते स्थापना दिवस मनाउने भएको छ । एसोसिएसनको केन्द्रीय समितिले आ-आफ्नो ठाउँमा आफ्नो तरिकाले स्थापना दिवस मनाउन सदस्यहरूलाई निर्देशन दिएको अध्यक्ष प्रल्हाद दाहालले जानकारी दिनुभयो । हरेक वर्ष स्थापना दिवस माघ ७ गते मनाउँदै आइरहेको जानकारी गराउँदै विगतझैं यस वर्ष पनि केन्द्रीय पदाधिकारी, केन्द्रीय सदस्य, प्रदेश पदाधिकारी, सदस्य एवं सम्पूर्ण डेरी उद्योगी सदस्यलाई आफ्नो ठाउँमा अनिवार्यरूपमा दिवस मनाउन निर्देशन दिइएको उहाँले बताउनुभयो । दिवसका क्रममा आश्रम, स्कुल, अस्पताललगायत दूध तथा दुग्धपदार्थ वितरण, सरोकारवालाहरूको उपस्थितिमा कार्यक्रम, रक्तदान, सरसफाइ, स्कुलमा कविता, वक्तृत्वकला प्रतियोगितालगायत आयोजना गरिने एसोसिएसनका महासचिव हेमचन्द्र खनालले जानकारी दिनुभयो ।

**खडक नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**कल्याणपुर, सप्तरी**

**औषधी उपकरण तथा सर्जिकल समान खरिद सम्बन्धि शिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७९/१०/०४

यस कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाको लागि चालु आ.व. २०७८/०७९ मा आवश्यक पर्ने औषधी, उपकरण तथा सर्जिकल सामानहरु शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले इच्छुक इजाजत प्राप्त रजिष्टर्ड, उत्पादक कम्पनी तथा वितरकबाट निम्न सर्तको अधिनमा रही रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (२०७९/१०/१८) दिन भित्र रु. १,०००।- (फिर्ता नहुने गरी) यस न.पा.को स्टोर शाखामा नगद दाखिला गरी आयकर दर्ता प्रमाणपत्र तथा मु.अ. कर दर्ता प्रमाणपत्र, फर्म, संस्था वा कम्पनी दर्ता प्रमाण-पत्र, औषधी व्यवस्था विभागबाट औषधी कारोबार गर्न लिएको इजाजतपत्रको २०७७/०७८ को नविकरण भएको प्रमाणित प्रतिलिपि, आ.व. २०७८/०७९ को कर चुक्ताको प्रमाणपत्र समेतको प्रतिलिपिहरु संगलन राखि रु. १० को टिकट टाँसी शिलबन्दी दरभाउपत्र दाता वा निजको अधिकारीक प्रतिनिधिले शिलबन्दी दरभाउपत्र फारम यस कार्यालयको स्टोर (राजस्व) फाँटमा निवेदन पेश गरी शिलबन्दी दरभाउपत्र खरिद गर्न सकिनेछ ।
२. सूचना प्रकाशित भएको मितिले १६ औं (मिति २०७९/१०/१९) दिनको १२:०० बजे भित्र शिलबन्दी दरभाउपत्र रितपूर्वक भरी यस कार्यालयमा शिलबन्दी दरभाउपत्र दर्ता गराई सक्नु पर्नेछ । दर्ता भएका शिलबन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन । शिलबन्दी दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलीपल्ट कार्यालय खोलेको दिनलाई अन्तिम दिन मानिनेछ र शिलबन्दी दरभाउपत्र १६ औं दिन दिनको २:०० बजे खुल्नेछ ।
३. शिलबन्दी दरभाउपत्र दर्ता गर्दा जमानत वापतको रकम कृषि विकास बैंक शाखा कार्यालय कल्याणपुर सप्तरीमा रहेको खडक नगरपालिकाको कार्यालय धरौटी खाता नं. ११०३७०१५०८००४०४७ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा कम्तिमा ७५ दिन म्याद (शिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति देखि) भएको मान्य प्राप्त बैंकको बिडबन्ड (जमानपत्र) शिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ । शिलबन्दी दरभाउपत्र दाताले मूल्य अभिबृद्धि कर बाहेकको दर अंक र अक्षर दुवैमा प्रष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षर स्पष्ट उल्लेख भएको दर रेटमा भिन्नता भएमा अक्षरलाई मान्यता दिइनेछ
४. सम्पूर्ण आइटको बोलकबोल गरेको दरले हुन आउने न्यूनतम जम्मा मूल्यको दरभाउपत्र दाताको शिलबन्दी दरभाउपत्र स्वीकृति गरिनेछ र शिलबन्दी दरभाउपत्र स्वीकृति गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
५. शिलबन्दी दरभाउपत्र दाताले आफुले खरिद गरेकै शिलबन्दी दरभाउपत्र दर्ता गराउनु पर्नेछ । फोटो कपी गरी पेश गरेको शिलबन्दी दरभाउपत्रलाई मान्यता दिइने छैन साथै शिलबन्दी दरभाउपत्रमा कुनै सर्त राखी पेश गरेमा मान्य हुने छैन ।
६. स्वीकृति शिलबन्दी दरभाउपत्र अनुसारको सामान एकमुष्ठ वा आवश्यकता अनुसार पटक पटक आदेश दिई खरिद गरिनेछ साथै सप्लाइ गरिने औषधीको म्याद स्टोर दाखिला भएको मितिले कम्तिमा १८ महिनाको हुनु पर्नेछ र १२ महिना मात्र म्याद हुने औषधीको हकमा कम्तिमा ९ महिना म्याद बाँकी भएको हुनु पर्नेछ ।
७. रीत नपुगेको शिलबन्दी दरभाउपत्र माथि कुनै कार्यवाही गरिने छैन साथै शिलबन्दी दरभाउपत्र स्वीकृति भएपछि कार्यालयले तोकेको समय अवधि भित्र औषधी बुझाउनु पर्नेछ र कबोल गरेको औषधी बुझाउन नसकेमा खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम कार्वाही हुनेछ । सम्पूर्ण करहरु र कार्यालयको गोदाम घरसम्मको ढुवानी खर्च शिलबन्दी दरभाउपत्र दाताले नै व्यहोर्नु पर्नेछ ।
८. सप्लाय हुने औषधीको प्रत्येक स्ट्रीपमा र प्रत्येक प्याकिङ्गको बाहिर समेत उत्पादन मिति Expiry Date ब्याच नं. र नेपाल सरकारबाट नि:शुल्क वितरणको लागि (Free Supply For Ministry of the Health Nepal) स्पष्ट रुपमा लेखेको हुनु पर्नेछ ।
९. शिलबन्दी दरभाउपत्र सम्बन्धि अन्य केही कुरा बुझ्न परेमा कार्यालय समयभित्र यस कार्यालयको स्टोर फाँट र स्वास्थ्य शाखाबाट बुझ्न सकिनेछ ।
१०. WHO, GMP Certified Company हरुको औषधी मात्र सप्लाय गर्नु पर्नेछ र उपकरण तथा सर्जिकल सामानहरु गुणस्तरयुक्त कम्पनी र नेपाल सरकारबाट बन्देज नलगाइएको हुनु पर्दछ । प्रत्येक औषधी उपकरण तथा सर्जिकल आइटको नमूना (Sample) को शिलबन्दी गरी शिलबन्दी दरभाउपत्र दर्ता गर्दा पेश गर्नु पर्नेछ ।
११. प्राप्त भएको औषधी उपकरण तथा सर्जिकल सामानहरुको सक्कल बिल छुट्टाछुट्टै प्राप्त भई स्टोर दाखिला भएपछि बजेट निकासाको आधारमा भुक्तानी दिइनेछ ।
१२. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० (ङ) अनुसार शिलबन्दी दरभाउपत्र दाता खरिद कार्वाहीमा आफ्नो स्वार्थ नबाँझिएको सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धि कसुरमा आफुले सजाय नपाएको भन्ने लिखित रुपमा घोषणा पत्र समेत शिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।
१३. आपूर्ति गरिने औषधीहरु चक्की र क्याप्सुल स्ट्रीफ फर्ममा र बोतलको हकमा प्लाष्टिक बोतल मात्र सप्लाय गर्नु पर्नेछ ।
१४. शिलबन्दी दरभाउपत्र फारममा आफुले सप्लाइ गर्ने प्रत्येक औषधी उपकरण तथा सर्जिकल सामग्रीहरुको आइट वाइज उत्पादक कम्पनीको नाम अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ ।
१५. आ.व. २०७९/०८० को लागि औषधी खरिदमा बजेट रकम थपघट भएको अवस्थामा यसै शिलबन्दी दरभाउपत्रको दर रेट अनुसार खरिद गर्न सकिनेछ । शिलबन्दी दरभाउपत्रमा पेश गरेको मूल्य यस आ.व. को २०८० असार मसान्तसम्म कायम रहनेछ । थप मूल्य बृद्धिलाई स्वीकार गरिने छैन ।
१६. शिलबन्दी दरभाउपत्र दाताले उपलब्ध गराइने औषधी गुणस्तरयुक्त नभएमा फिर्ता गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यसरी फिर्ता गर्दा लाग्ने ढुवानी खर्च शिलबन्दी दरभाउपत्र दाताले व्यहोर्नु पर्नेछ ।
१७. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार हुनेछ ।
१८. अन्य जानकारीको हकमा खडक नगरपालिकाको कार्यालय कल्याणपुर सप्तरी स्टोर फाँट र स्वास्थ्य शाखा सम्पर्क राख्नु हुन ।
१९. औषधी उपकरण तथा सर्जिकल सामानहरुको जम्मा लागत विवरण:-

| सि.नं. | विवरण | लागत अनुमान रकम मु.अ.कर बाहेक | धरौटी रकम ५% | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|
| १. | औषधी तथा सर्जिकल सामानहरु | रु. १९,९८,०००।- | रु. ९९,९००।– | रु. १,०००।- |

**खडक नगरपालिका कार्यालय**
कल्याणपुर, सप्तरी

इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : मेधिनी प्रिन्टिङ एण्ड डिष्ट्रिब्यूटर्स प्रा. लि., दुवाकोट, भक्तपुर, **कार्यालय** : मध्यवानेश्वर, काठमाडौं, **फोन** : ४४७८१७७, **फ्याक्स** : ४४८०५५४, पो.ब.नं. ११६७२, Email: desk@himalayatimes.com.np, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल